"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

मितिः २०७६।१२।१७

**विषयः महालक्ष्मी नगरपालिकाको सूचना**

प्रस्तुत विषयमा COVID-19, कोरोना भाइरसको संभावित संक्रमण रोकथामका लागि यस नगरपालिकाको नगरकार्यपालिका वैठकको मिति २०७६।१२।१३ को निर्णय र नगरस्तरीय विपद व्यवस्थापन समितिको मिति २०७६।१२।१६ को निर्णय वमोजिम तपसील वमोजिमका कार्यहरु गर्नु गराउनुहुन सम्बन्धित सबैमा महालक्ष्मी नगरपालिका हार्दिक अनुरोध गर्दछ।

१) हरेक वडालाई कोरोना संक्रमण रोकथाम गर्नका लागि **बढीमा रू १,३५,००० (एक लाख पैतीस हजार)** विनियोजन गरिएको। सो मध्ये नगर कार्यपालिकाको वैठकले **रु ३५,०००** र नगर विपद व्यवस्थापन समितिको २०७६।१२।१६ को निर्णय वमोजिम हरेक वडालाई बढीमा **रु १,००,००० (रु एक लाख)** विनियोजन गरिएको। उक्त रकम वडा विपद व्यस्थापन समितिबाट निर्णय गराई मात्र खर्च गर्नुपर्ने प्रावधान रहेकोले सो वमोजिम प्रभावकारी रुपमा कार्य गर्नुहुन आवश्यक व्यवस्था गरिएको छ।

२) वडा विपद व्यवस्थापन समितिले सचेतनाका लागि माइकिङ गर्ने, सावुन पानीको व्यवस्था गर्ने, हरेक वडाभित्र विदेशबाट आएकाहरुको यथार्थ विवरण संकलन र अद्यावधिक गर्ने, वडाभित्रका अनौपचारिक क्षेत्रमा कार्यरत भाडामा बस्ने विपन्न परिवारहरु, अपाङ्गता भएका व्यक्तिहरु, सुत्केरी महिलाहरु र एकल महिलाहरुको यथार्थ विवरण सङ्कलन गर्ने र नगर प्रमुख र नगर उपप्रमुख समक्ष पेश गर्ने निर्णय भएकोले सूचना उपलब्ध गराईदिनुहुन सबैमा अनुरोध छ।

३) विनियोजित रकमबाट हरेक वडाले विपद व्यवस्थापन प्राथमिकता र कार्ययोजना तय गरी विपद व्यवस्थापन समितिबाट कार्यक्रमहरु स्वीकृत गराई आवश्यकतावमोजिमका क्रियाकलापहरु वडाहरुमा सञ्चालन गर्ने भएकाले आवश्यक सल्लाह सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध छ।

४) हरेक वडाहरुले नगरपालिकाबाट उपलब्ध गराइएको क्लोरिन प्रयोग गरी हरेक वडाहरुमा छर्किने व्यवस्था गर्नुहुन अनुरोध छ।

५) नगरकार्यपालिकाको निर्णयवमोजिम तयार भएका कपडाका मास्कहरु बुझी हरेक वडाहरुको वडा अध्यक्षको संयोजकत्वमा वितरण गरी नगरप्रमुख तथा उपप्रमुखलाई जानकारी दिने व्यवस्था मिलाइएको छ।

६) हरेक वडाहरुले आफ्नो वडामा क्रियाशील वडा स्तरीय क्लवहरु, टोलसुधार समिति, उपभोक्ता समिति र अन्य सामाजिक संघ-संस्थाहरु परिचालन गरी पूर्ण रुपमा लकडाउनमा बस्न र अत्यावश्यक काम पर्दा मात्रै Social Distancing कायम गरी बाहिर निस्कन नागरिकहरुलाई अनुरोध गर्ने गरी आवश्यक व्यवस्था गरिएको छ।

७) वडाभित्रका खाद्यान्न वितरण गर्ने पसल / व्यवसायहरुको लागत संकलन गरी अनुगमन गर्ने, साथै, वडामा संचालित सबै खाद्यान्न, ग्यास र औषधी पसलहरु अनिवार्य रुपमा खोल्न लगाई सो पसलहरुले सेवाग्राहीहरुलाई सेवा प्रवाह गर्दा कम्तिमा एक मिटरको दुरी कायम गरी सुरक्षित तवरबाट विक्री वितरण गर्न सहयोग गर्ने। सो पसल/व्यवसायीहरुले सेवाग्राहीका लागि स्यानिटाइजर वा सावुन-पानीको व्यवस्था गर्ने र Social Distancing

कायम गर्न हरेक पसलहरुको अगाडि एक मिटरको दुरी कायम गरी इनामेल, चुना वा अन्य कुनै चिन्ह प्रयोग गरी उक्त स्थानहरुमा मात्रै ग्राहकहरुलाई बस्न अनुरोध गर्नुहुन अनुरोध छ।

८) वडाहरुले कुनै पनि व्यक्ति वा संस्थाबाट चन्दा वा राहात सामाग्री संकलन नगर्ने तर कुनै संघ संस्था वा व्यक्तिलाई चन्दा वा राहात वितरण गर्ने इच्छा भए सो व्यक्ति वा संस्थाले नगरपालिका मार्फत मात्र राहात सामाग्रीहरु वितरण गर्न सकिने र उक्त राहात सामाग्रीहरु सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय विपद व्यवस्थापन समितिको निर्णयबाट मात्र वितरण गर्नुपर्ने छ।

....................
रोमेश्वर श्रेष्ठ
नगरप्रमुख